सिरीजङ्घा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(प्रशासन शाखा)

तेल्लोक, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

**विषयः जग्गा अधिग्रहण गरिने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना।**

**(प्रथम पटक प्रकाशित सूचनाः २०८१/१२/१४ गते बिहीबार)**

प्रस्तुत विषयमा यस सिरीजङ्घा गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८१/०९/१३ गतेको बैठकको निर्णय अनुसार तेल्लोक मा.वि., तेल्लोक, सिरीजङ्घा गाउँपालिका वडा नं. ४ र राष्ट्रिय मा.वि., पेदाङ, सिरीजङ्घा गाउँपालिका वडा नं. ५ को भौतिक संरचना एवं खेल मैदान विस्तार गरि स्तरोन्नती गर्ने प्रयोजनको जग्गा प्राप्ति ऐन, २०३४ अनुसार यस गाउँपालिका, गाउँ कार्यपालिकाको नाममा पास गर्नको लागि जग्गा प्राप्ति सम्बन्धि प्रकृया अगाडी बढाउने निर्णय भएकोले सो क्षेत्र र आसपासका जग्गाधनीहरू सार्वजनिक जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै उल्लिखित क्षेत्रको जग्गाधनीहरूको कुनै गुनासो वा जग्गा प्राप्ति/अधिग्रहण सम्वन्धी कुनै धारणा वा दाबी/बिरोध भए यस कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**निम्नः**

| सि.नं. | जग्गाधनीको नाम | कित्ता नं. | जग्गाको क्षेत्रफल | विद्यालयको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १. | खगेन्द्र कुँवर | ३१६ | ०-८-०-० | तेल्लोक मा.वि. | ससिम |
| २. | बालुराम भट्टराई | ३१५ | ०-८-०-० | तेल्लोक मा.वि. | ससिम |
| ३. | ज्ञानेन्द्र मिश्र | ३०२ | ०-८-०-० | तेल्लोक मा.वि. | ससिम |
| ४. | रूकमान थेबे | ३६९ | ०-७-१-२.७५ | तेल्लोक मा.वि. | ससिम |
| ५. | तिलमाया लिम्बु | २६९ | ०-१३-३-२ | तेल्लोक मा.वि. | ससिम |
| ६. | गोज बहादुर थेबे | २६८ | ०-१३-३-३ | तेल्लोक मा.वि. | ससिम |
| ७. | खगेन्द्र बहादुर विष्ट र डम्बर बहादुर पौडेल | ३२३ | ०-८-०-० | तेल्लोक मा.वि. | ससिम |
| ८. | अग्नीमाया राई र उमा लिम्बु राई | ३३९ | ०-६-०-० | तेल्लोक मा.वि. | ससिम |
| ९. | दीप बहादुर ताम्लिङ | ३२४ | ०-५-०-० | तेल्लोक मा.वि. | ससिम |
| १०. | जसोदा थेबे | २१ | १-०-१-२ | तेल्लोक मा.वि. | ससिम |
| ११. | मान बहादुर थेबे | २२ | ०-११-०-० | तेल्लोक मा.वि. | पश्चिम तर्फ |
| १२. | काली बहादुर थेबे | २६७ | १-४-०-२ | तेल्लोक मा.वि. | ससिम |
| १३. | बम प्रसाद गौतम | २३१ | २-१५-३-२ | राष्ट्रिय मा.वि. | ससिम |
| १४. | सन्तोष गौतम | १८८ | ०-८-२-० | राष्ट्रिय मा.वि. | ससिम |
| १५. | सन्तोष गौतम | १८६ | ०-६-३-३ | राष्ट्रिय मा.वि. | ससिम |
| १६. | हेमराज बुढाक्षेत्री | १८७ | ०-१०-२-३ | राष्ट्रिय मा.वि. | ससिम |

प्रारम्भिक अधिकृत


sirijanghamun.gov.np ००९७७-९८५-२६६०-३३२ sirijangharuralmunicipality@gmail.com

कर्पोरेट

## सिद्धार्थ बैंकद्वारा सातै प्रदेशमा वित्तीय शिक्षा



काठमाडौं/मस- सिद्धार्थ बैंक लिमिटेडले वित्तीय साक्षरतामार्फत् विद्यार्थीहरूलाई आर्थिक रूपमा सचेत र सशक्त बनाउने उद्देश्यले ग्लोबल मनी वीक २०२५ को अवसरमा देशभर विभिन्न कार्यक्रमहरू सम्पन्न गरेको छ। 'थिंक बिफोर यु फलो, वाइज मनी टुमरो' नारामा बैंकले सातै प्रदेशका २४ स्थानमा विद्यालय तथा क्याम्पसहरूमा वित्तीय शिक्षा केन्द्रित कार्यक्रमहरू सञ्चालन गरेको हो।

विद्यार्थीलाई बैंकिङ सेवा, डिजिटल कारोबारका माध्यमहरू र सुरक्षित आर्थिक अभ्याससम्बन्धी ज्ञान, सीप, मनोवृत्ति र व्यवहारमा सुधार ल्याउने उद्देश्यले आयोजित कार्यक्रममा १२ सय भन्दा बढी विद्यार्थीको सक्रिय सहभागिता थियो। सोही क्रममा बैंकले चार सय ४८ जना विद्यार्थीलाई आफ्नै विभिन्न शाखामा भ्रमण गराई व्यवहारिक वित्तीय प्रणालीबारे अवलोकनसमेत गराएको थियो।

बैंकका अनुसार ग्लोबल मनी वीक अवधिमा ३८ वटा कार्यक्रम सम्पन्न गरी १६ सय भन्दा बढी विद्यार्थीहरूलाई वित्तीय साक्षरतासम्बन्धी जानकारी प्रदान गरेको जनाएको छ। सिद्धार्थ बैंकले वित्तीय सेवाको पहुँच विस्तार गर्दै समावेशी वित्तीय प्रणालीको विकास गर्न र जनस्तरमा वित्तीय सचेतना अभिवृद्धि गर्न यस्ता अभियानमा निरन्तर सहभागी हुँदै आएको जनाएको छ।

## सानिमाद्वारा स्वास्थ्य शिविरमा आर्थिक सहयोग




काठमाडौं/मस- सानिमा बैंकले शक्तिचोक, गोरखास्थित नेपाली सेना रिपुमर्दन गण र शहिद लखन गाउँपालिकाद्वारा संयुक्त रूपमा आयोजित दुई दिने वृहत स्वास्थ्य शिविरमा आर्थिक सहयोग गरेको छ। संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत शिक्षा, स्वास्थ्य, वित्तीय साक्षरतालगायत अन्य विभिन्न क्षेत्रहरूमा हरेक वर्गका जनतालाई प्रत्यक्ष फाइदा हुने गरी विविध कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको बैंकले सोही क्रममा स्वास्थ्य शिविरका लागि सहयोग गरेको हो।

गोरखा जिल्लाको शहिद लखन गाउँपालिका वडा नं. ६, धैरुङ स्वास्थ्य चौकीमा संचालित उक्त कार्यक्रममा पाँच सय २५ जना स्थानीय वासिन्दाहरूले निःशुल्क स्वास्थ्य सेवा प्राप्त गरी लाभान्वित भएका छन्। उक्त शिविरमा महिलाहरूको पाठेघरको मुखमा हुने क्यान्सर, हाडजोर्नी, स्त्रीरोग, चर्मरोग, मधुमेह, जनरल ओपिडीका साथै विविध रोगको परीक्षण गरी आवश्यकताअनुसार निःशुल्क औषधी पनि वितरण गरिएको छ। बैंकले भविष्यमा पनि समाजमा सकारात्मक विकास गर्ने तथा विभिन्न किसिमका सामाजिक उत्थानका कार्यक्रमहरू गर्ने योजना बनाएको छ।

## ग्लोबल मनी विकमा नबिलले गऱ्यो देशव्यापी कार्यक्रम



काठमाडौं/मस- नबिल बैंक लिमिटेडले 'ग्लोबल मनी विक, २०२५'को अवसरमा सातै प्रदेश केन्द्रित देशव्यापी कार्यक्रम सम्पन्न गरेको छ। वित्तीय साक्षरता अभिवृद्धि गर्ने उद्देश्यका साथ बैंकले विद्यार्थी र युवा केन्द्रित कार्यक्रम सञ्चालन गरी यस वर्ष पनि 'ग्लोबल मनी वीक, २०२५' मनाएको हो।

यही मार्च १७ देखि २३ तारिखसम्म विश्वभर 'थिंक बिफोर यु फोलो, वाइज मनी टुमरो' भन्ने मूल नाराका साथ ग्लोबल मनी वीक सञ्चालन गरिएको थियो। सो अभियान अन्तर्गत बैंकले देशका सातै प्रदेशमा चार हजारभन्दा बढी विद्यार्थी र युवामाझ वित्तीय साक्षरता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरेको हो।

बैंकले विद्यार्थी तथा युवाहरूलाई सानै उमेरदेखि आर्थिक रूपमा सचेत गराउन तथा फाइनान्सियल इन्फ्लुएन्सर्सको लहलहैमा लागेर लगानी गर्न नहुनेबारे जानकारी दिन वित्तीय साक्षरता अभियान सञ्चालन गरेको हो। सातै प्रदेशमा सञ्चालन गरिएको कार्यक्रममा बचत, बजेट, लगानी, डिजिटल वित्तीय साक्षरता, साइबर सुरक्षालगायतका विषयमा जानकारी गराइएको बैंकले जनाएको छ।

बैंकले सञ्चालन गरेको उक्त अभियानबाट कोशी प्रदेशका सात सय ४४, मधेश प्रदेशका एक हजार ६३, बागमती प्रदेशका चार सय ४१, गण्डकी प्रदेशका चार सय ३४, लुम्बिनी प्रदेशका पाँच सय ६, कर्णाली प्रदेशका चार सय पाँच र सुदूरपश्चिम प्रदेशका चार सय सात विद्यार्थी तथा युवाहरु वित्तीय साक्षरता कक्षामा सहभागी भइ लाभान्वित भएको बैंकले जानकारी दिएको छ।

## लिट्मसद्वारा एल्युमिनियम रड उत्पादन उद्योगको सुरुवात



काठमाडौं/मस- लिट्मस इन्डस्ट्रिज लिमिटेडले 'लिट्मस २.०' अन्तर्गत नेपालको पहिलो एल्युमिनियम रड उत्पादन उद्योगको औपचारिक सुरुवात गरेको छ। नवलपरासीको रामग्राम हकुईमा अवस्थित यस अत्याधुनिक उद्योगले नेपाली बजारमा हुने एल्युमिनियम आयात प्रतिस्थापन तथा न्यूनीकरण गर्दै त्यसको उत्पादनमा हाम्रो आत्मनिर्भरतालाई समुन्नत बनाउँदै लेजाने विश्वास गरिएको हो।

सो उपलब्धिलाई स्मरणीय बनाउन चैत्र १३ गते फुर्नान्स फ्लेमिङ सेरेमोनीको आयोजना गरिएको थियो। समारोहको उद्घाटन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव, कृष्णबहादुर राउतले गरेका थिए। यस प्लान्टको सञ्चालनले एल्युमिनियम रडको आयात परनिर्भरतालाई उल्लेख्य रुपमा घटाउनुका साथै देशभित्रै उच्च गुणस्तरको एल्युमिनियम रडको नियमित आपूर्ति गर्ने जनाइएको छ।

सो परियोजनाले उत्पादन ढुवानी र बिक्री लगायतका क्षेत्रमा सयौँ प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना गर्नेछ। साथै सो परियोजनाले स्थानीय उत्पादनलाई प्रोत्साहन गर्दै देशमा आन्तरिक र बाह्य लगानी आकर्षित गर्ने अपेक्षा गरिएको छ।

## 'क्रेटा ईभी' र 'मेड इन क्रेटा आईसीई' नेपालमा सार्वजनिक



काठमाडौं/मस- नेपालका लागि हुन्डाईको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले 'क्रेटा ईभी' तथा नेपालमा बनेको 'आईसीई क्रेटा' सार्वजनिक गरेको छ। सोमबार होटल सोल्टीमा कार्यक्रम आयोजना गर्दै कम्पनीले नयाँ गाडी सार्वजनिक गरेको हो।

'चुज योर फ्युचर' को थिमसहित हुन्डाईले नेपालले क्रेटा इलेक्ट्रिक र आइसीई दुवै मोडेल उपलब्ध गराएको जनाएको छ। क्रेटा ईभीको प्रारम्भिक मूल्य ५१ लाख ९६ हजार र क्रेटा आईसीई (मेड इन नेपाल) को प्रारम्भिक मूल्य ५३ लाख ९६ हजार रुपैयाँ राखिएको छ। सन् २०२५ मा आयात गरिने आईसीई मोडेलहरूको मूल्यमा तुलना गर्दा यो ९ लाख रुपैयाँसम्म कम हो।

कार्यक्रममा नेपालका लागि दक्षिण कोरियाली राजदूत पार्क ते यङको विशेष उपस्थिति थियो। हुन्डाईले नेपालमा सन् २०१५ देखि क्रेटाको बिक्री सुरुवात गरेको थियो। हुन्डाई नेपालले इकोसिस्टम विकासमा पनि अगाडि बढ्दै आफ्नै चार्जिङ नेटवर्क 'रि-ल्याक्स' मार्फत् डीसी चार्जिङ नेटवर्क निर्माण गरिरहेको जनाएको छ। जसमा रिपेयर सप पनि समाहित हुनेछन्। कम्पनीले ब्याट्री रिसाइक्लिङ र रिसेड्युल भ्यालु म्यानेजमेन्टका लागि एट्रेरो इन्डियासँग सहकार्य गरेको जनाएको छ।

## एसईईका विद्यार्थीलाई टेलिकमले २० रुपैयाँमै सिम कार्ड दिने




काठमाडौं/मस- नेपाल टेलिकमले २०८१ सालको एसईई परीक्षामा सहभागी परीक्षार्थीका लागि 'एसईई अफर २०८१' उपलब्ध गराउने भएको छ। यस अन्तर्गत कम्पनीले एसईई परीक्षा दिएका परीक्षार्थीलाई २० रूपैयाँमा सिमकार्ड उपलब्ध गराउने र त्यसमा बोनस अन रिचार्ज पनि उपलब्ध हुने जानकारी दिएको छ। एसईई अफर तथा बोनस अन रिचार्ज १५ चैत २०८१ देखि ३० असार २०८२ सम्म उपलब्ध हुने जनाइएको छ।

उक्त सिमकार्ड नेपाल टेलिकमका देशभरीका कार्यालयबाट उपलब्ध हुने व्यवस्था मिलाइएको छ। सिमकार्ड एक्टिभ गरिसकेपछि ३० दिनसम्मका लागि विभिन्न अफर उपलब्ध हुनेछन्। पहिलेदेखि नै नेपाल टेलिकमको सिमकार्ड प्रयोग गर्ने परीक्षार्थीका लागि समेत सोही सिमकार्डमा अफरहरू उपभोग गर्न सकिने व्यवस्था गरिएको टेलिकमले जनाएको छ। नयाँ सिम प्राप्त गरेका परीक्षार्थीले सिमकार्डमा मेन ब्यालेन्सका रूपमा उपलब्ध हुने ९.८० बाट जुनसुकै नेटवर्कमा कल गर्न, एसएमएस पठाउन वा डाटा चलाउन सक्नेछन्।

यस अतिरिक्त ३० दिनसम्मका लागि प्रतिदिन टेलिकमको नेटवर्कभित्र कुराकानी गर्न २० मिनेट अन-नेट भ्वाइस सेवा, १० वटा अन-नेट एसएमएस र पाँच सय एमबी डाटासमेत अफर अन्तर्गत उपलब्ध हुनेछ भने प्रत्येक दिन प्राप्त हुने रिसोर्स सोही दिनका लागि मात्र कायम रहने टेलिकमको भनाइ छ। नयाँ सिम पाउन विद्यार्थीले एसईईको प्रवेश पत्र, कक्षा १० को कुनै मार्कसिटको फोटोकपी, एकप्रति फोटो, आफ्नो वा अभिभावकको नागरिकता वा अरू परिचयपत्रको फोटोकपी लगायत सरकारी परिचयपत्रको फोटोकपी संलग्न गरी फाराम भर्नुपर्ने जनाइएको छ।

# जलविद्युत्मा लगानी गर्न भारतीय लगानीकर्तालाई इप्पानको आग्रह




मध्यान्ह संवाददाता
काठमाडौं, १३ चैत।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले भारतीय लगानीकर्तालाई नेपालमा लगानी गर्न आग्रह गरेका छन्। नयाँ दिल्लीमा बुधबार भएको 'नेपाल-भारत इनर्जी समिटमा' बोल्दै इप्पान अध्यक्ष कार्कीले भारतीय लगानीकर्तालाई लगानीको सुरक्षा र प्रतिफलको ग्यारेन्टी रहेकाले ढुक्कसाथ लगानी गर्न आग्रह गरेका हुन्।

'नेपाल सरकारले सन् २०३५ सम्ममा २८ हजार ५०० मेगावाट विद्युत उत्पादन पुऱ्याउने महत्वाकांक्षी लक्ष्य लिएको छ, त्यसका लागि ४६.५ अर्ब डलर लगानी आवश्यक रहेकाले नेपालमा लगानीको सुनौलो अवसर छ', कार्कीले भने। नेपाल लगानी बोर्डले गरेको प्रारम्भिक अध्ययनअनुसार, नेपालको सौर्य ऊर्जा उत्पादन क्षमता ४.३२ गिगावाटभन्दा बढी रहेकाले सौर्य ऊर्जामा पनि भारतीय लगानीकर्ताले लगानी गर्न सक्ने उनको भनाइ छ।

नेपाल आदानी समूह, टाटा पावर, जिन्दल पावर, जिएमआर समूह, एसजेभीएन लिमिटेड, एनएचपिसीजस्ता प्रमुख भारतीय व्यापारिक घरानाहरूसँग साझेदारी गर्न इच्छुक रहेको उनले जानकारी गराए। इप्पान उपाध्यक्ष आनन्द चौधरीले नेपालमा तीन हजार पाँच सय मेगावाट विद्युत उत्पादन भइरहेकामा चार हजार मेगावाट बराबरका आयोजना निर्माणाधीन रहेको, चार हजार एक सय मेगावाट क्षमताका आयोजना विद्युत खरिद बिक्री सम्झौता (पिपीए) गरेर वित्तीय व्यवस्थापनको पर्खाइमा रहेको र करिब २० हजार मेगावाट क्षमताका आयोजना अध्ययनको चरणमा रहेको बताए।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव चिरञ्जीवी चटौतले सरकारले अघि सारेको २८ हजार पाँच सय मेगावाट विद्युत उत्पादन लक्ष्य प्राप्तिका लागि मन्त्रालयले सहजीकरण गर्ने हुँदा ढुक्कसँग लगानी गर्न आग्रह गरे। 'जलविद्युत् र नवीकरणीय ऊर्जा क्षेत्रमा लगानीका अवसरको खोजी' भन्ने नारासहित नेपाली राजदूतावास भारत र भारतीय हरित ऊर्जा महासंघको आयोजना तथा इप्पानको संस्थागत सहभागितामा उक्त सम्मेलन भएको इप्पानले जनाएको छ।

डढेलो नियन्त्रण गरौं, जीवन रवन जोगाऔं।

- सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
- डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

त्यसैले डढेलोबाट जोगिन:

- वन क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रूपमा व्यवस्थापन गरौं,
- चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं,
- डढेलो विरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- बन संरक्षणमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सिरीजङ्घा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(प्रशासन शाखा)
तेल्लोक, ताप्लेजुङ

**जग्गा अधिग्रहण गरिने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित सूचना: २०८१/१२/१४ गते बिहीबार)

प्रस्तुत विषयमा यस सिरीजङ्घा गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८१/०९/१३ गतेको बैठकको निर्णय अनुसार तेल्लोक मा.वि., तेल्लोक, सिरीजङ्घा गाउँपालिका वडा नं. ४ र राष्ट्रिय मा.वि., पेदाङ, सिरीजङ्घा गाउँपालिका वडा नं. ५ को भौतिक संरचना एवम् खेल मैदान विस्तार गरि स्तरोन्नती गर्ने प्रयोजनको जग्गा प्राप्ति ऐन, २०३४ अनुसार यस गाउँपालिका, गाउँ कार्यपालिकाको नाममा पास गर्नको लागि जग्गा प्राप्ति सम्बन्धी प्रकृया अगाडी बढाउने निर्णय भएकोले सो क्षेत्र र आसपासका जग्गाधनीहरू सार्वजनिक जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै उल्लिखित क्षेत्रको जग्गाधनीहरूको कुनै गुनासो वा जग्गा प्राप्ति/अधिग्रहण सम्बन्धी कुनै धारणा वा दाबी/बिरोध भए यस कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीका लागि सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

निम्न:

| सि.नं. | जग्गाधनीको नाम | कित्ता नं. | जग्गाको क्षेत्रफल | विद्यालयको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १. | खगेन्द्र कुँवर | ३१६ | ०-८-०-० | तेल्लोक मा.वि. | ससिम |
| २. | बालुराम भट्टराई | ३१५ | ०-८-०-० | तेल्लोक मा.वि. | ससिम |
| ३. | ज्ञानेन्द्र मिश्र | ३०२ | ०-८-०-० | तेल्लोक मा.वि. | ससिम |
| ४. | रूकमान थेबे | ३६९ | ०-७-१-२.७५ | तेल्लोक मा.वि. | ससिम |
| ५. | तिलमाया लिम्बु | २६९ | ०-१३-३-२ | तेल्लोक मा.वि. | ससिम |
| ६. | गोज बहादुर थेबे | २६८ | ०-१३-३-३ | तेल्लोक मा.वि. | ससिम |
| ७. | खगेन्द्र बहादुर विष्ट र डम्बर बहादुर पौडेल | ३२३ | ०-८-०-० | तेल्लोक मा.वि. | ससिम |
| ८. | अग्नीमाया राई र उमा लिम्बु राई | ३३९ | ०-६-०-० | तेल्लोक मा.वि. | ससिम |
| ९. | दीप बहादुर तामलिङ | ३२४ | ०-५-०-० | तेल्लोक मा.वि. | ससिम |
| १०. | जसोदा थेबे | २१ | १-०-१-२ | तेल्लोक मा.वि. | ससिम |
| ११. | मान बहादुर थेबे | २२ | ०-११-०-० | तेल्लोक मा.वि. | पश्चिम तर्फ |
| १२. | काली बहादुर थेबे | २६७ | १-४-०-२ | तेल्लोक मा.वि. | ससिम |
| १३. | बम प्रसाद गौतम | २३१ | २-१५-३-२ | राष्ट्रिय मा.वि. | ससिम |
| १४. | सन्तोष गौतम | १८८ | ०-८-२-० | राष्ट्रिय मा.वि. | ससिम |
| १५. | सन्तोष गौतम | १८६ | ०-६-३-३ | राष्ट्रिय मा.वि. | ससिम |
| १६. | हेमराज बुढाक्षेत्री | १८७ | ०-१०-२-३ | राष्ट्रिय मा.वि. | ससिम |

प्रारम्भिक अधिकृत

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ